नेपाल सरकार
रक्षा मन्त्रालय



# स्वागतम्



## आ. व. २०७४/७५ को तेस्रो चौमासिक
## एवं
## वार्षिक प्रगति समीक्षा

मितिः २०७५ श्रावण २९ गते मंगलवार

# नेपाल सरकार
# रक्षा मन्त्रालय

## आ.व. २०७४/७५ मा रक्षा मन्त्रालय र अन्तर्गत निकायबाट संचालित विकास कार्यक्रम तथा आयोजनाहरूको तेस्रो चौमासिक तथा वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक

## मितिः २०७५ श्रावण २९ गते मंगलवार

# प्रस्तुतिका विषयहरू

- नेपालको संविधान र नेपाल सरकार(कार्य विभाजन नियमावली) २०७४ मा रक्षा क्षेत्र
- आ.व. २०७४।७५ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा रक्षा मन्त्रालय सम्बन्धी विषय
- आ.व. २०७४।७५ मा संचालित कार्यक्रम/आयोजनाहरुको तेस्रो चौमासिक तथा वार्षिक अवधिको समग्र भौतिक तथा वित्तीय प्रगति
- बजेट र खर्च स्थिति सारांश
- मन्त्रालय र अन्तर्गत निकायहरुको बेरुजु फछ्र्यौटको स्थिति
- NDAC को ४२ औं बैठकको निर्णय र कार्यान्वयनको अवस्था
- कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य चुनौती र सम्बोधन गर्नुपर्ने विषयहरू

# नेपालको संविधानमा रक्षा क्षेत्र

- <u>धारा ५१ राज्यका नीति अन्तर्गत (क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति:</u>
  - नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने ।
  - विभिन्न जात, जाति, धर्म,भाषा, सम्प्रदायबीच राष्ट्रिय एकता प्रवर्धन गर्ने।
  - सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने ।
  - राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक समावेशी र जनउत्तरदायी बनाउने।
  - पूर्व कर्मचारी, सैनिक, प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने ।

# नेपालको संविधानमा रक्षा क्षेत्र

- **<u>भाग २८ राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था अन्तर्गत</u>**

- **धारा २६६ मा राष्ट्रिय सुरक्षा परिषदको व्यवस्था:** सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा मो. रक्षा, गृह, परराष्ट्र र अर्थ मन्त्री तथा नेपाल सरकारको मुख्य सचिव र प्रधान सेनापति सहितको सुरक्षा परिषद् ।
- रक्षा मन्त्रालयका सचिव रा.सु.प.को सदस्य-सचिव ।

- **धारा २६७ मा नेपाली सेना सम्बन्धी व्यवस्था:**
  - संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको संगठन हुने।
  - राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने ।
  - नेपाली सेना सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने ।

# नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा उल्लिखित रक्षा मन्त्रालयको कार्यक्षेत्र

१. राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
२. राष्ट्रिय तथा रणनीतिक सुरक्षा सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, सञ्चार प्रणाली एवं सञ्जाल स्थापना, सञ्चालन र व्यवस्थापन
३. राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षा क्षेत्र सुधार
४. अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा समन्वय
५. सीमाक्षेत्र सम्बन्धी सूचना सङ्कलन, विश्लेषण तथा उपयोग
६. नेपाली सेना गठन तथा परिचालन सम्बन्धी नीति, रणनीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियन्त्रण र नियमन
७. सैनिक ब्यारेक तथा कार्यालय व्यवस्थापन
८. सैनिक अधिकृत तथा जवानको अनुशासन, सेवाका सर्त, सैनिक तालिम तथा सुविधा
९. सैनिक प्रतिष्ठापन(इन्स्टलेसन) र सञ्चार तथा यातायात,
१०. हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थ र असवाव उत्पादन र प्रयोग, सो सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण तथा सिलखाना

# नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा उल्लिखित रक्षा मन्त्रालयको कार्यक्षेत्र

११. सैनिक भण्डार
१२. सैनिक हातहतियार तथा सामग्री खरिद र उत्पादन
१३. नेपाली सैनिक विमान सेवा
१४. सैनिक गुप्तचर विभाग
१५. सैनिक निर्माणशाला
१६. बारुदी सुरुङ निष्प्रभावीकरण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय
१७. राष्ट्रिय सेवादलको सङ्गठन, तालिम र प्रशासन
१८. विकास कार्य र विपद् उद्धार कार्यमा सहयोग
१९. सैनिक अस्पताल, सैनिक कल्याण र सैनिक कल्याणकारी योजना
२०. राष्ट्रिय निकुञ्ज,वन्यजन्तु आरक्षरमहत्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षा
२१. अन्तर्राष्ट्रिय शान्ति प्रवर्द्धनमा सहयोग
२२. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय

# आ.व.२०७४/७५ को नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लिखित रक्षा मन्त्रालयसम्बद्ध बुँदाहरू

| बुँदा नं. | विषय |
|---|---|
| १७ | राष्ट्रिय गौरवका आयोजनाका रूपमा रहेको काठमाण्डौ-निजगढ द्रुतमार्गको निर्माण कार्यलाई प्राथमिकता साथ अघि बढाइनेछ । |
| २९ | नेपालको समग्र राष्ट्रिय हित प्रवर्द्धनका लागि राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गरिनेछ । राष्ट्रिय प्राथमिकता अनुरूप विकास निर्माण, राष्ट्रिय सम्पदा संरक्षण र विपद् व्यवस्थापनमा नेपाली सेनाको परिचालन गरिनेछ । |

# आ.व.२०७४/७५ को नेपाल सरकारको बजेट वक्तव्यमा उल्लिखित रक्षा मन्त्रालयसम्बद्ध बुँदाहरू

| बुँदा नं. | विषय |
| --- | --- |
| ५८ | काठमाण्डौं-तराई-मधेश द्रुतमार्ग ४ वर्षभित्र सम्पन्न गर्ने गरी नेपाली सेनाद्वारा निर्माण गर्ने प्रबन्ध मिलाइएको छ। कालीगण्डकी कोरिडोरको जोमसोम-कोरला खण्ड तथा रिडी- बागलुङ-बेनी-जोमसोम खण्डको निर्माण कार्यलाई निरन्तरता दिइएको छ । |
| ५९ | नेपाली सेनाद्वारा निर्माणाधीन खुलालु-लैफु-कालीकोट-सिमिकोट सडक १ वर्षभित्र हुम्ला जिल्ला सदरमुकामसम्म जोड्न र डोल्पा सदरमुकामलाई १ वर्षभित्र राष्ट्रिय सडक सञ्जालमा जोड्न आवश्यक रकम विनियोजन गरिएको छ । |
| १५१ | देशभर छरिएर रहेका नेपाल सरकारको स्वामित्वमा रहेका क्षेत्रीय संग्रहालयहरू, ऐतिहासिक गढी र किल्लाहरूको संरक्षण, संवर्द्धनका लागि नेपाली सेनालाई जिम्मा दिइनेछ । |
| १९९ | नेपाली सेनालाई साधन स्रोत सम्पन्न र सक्षम बनाउँदै राष्ट्रिय सुरक्षा, विपद् व्यवस्थापन र विकास निर्माण कार्यमा प्रभावकारी रुपमा परिचालन गरिनेछ। |

# प्रगति विवरण

# रक्षा मन्त्रालय र अन्तर्गत निकायको आ.व. २०७४/७५ को बजेट (चालु तर्फ) (रु हजारमा)

| ब.नं.शी.उ. | कार्यालय | विनियोजित रकम | २०७५ असार मसान्तसम्मको यथार्थ खर्च | % |
|---|---|---|---|---|
| ३४५०११३ | रक्षा मन्त्रालय | ६९२७४ | ४२६४६ | ६१.५ |
| ३४५०१२३ | राष्ट्रिय सुरक्षा परिषद् सचिवालय | ४०९३० | ३७५३४.३५ | ९१.७ |
| ३४५०१३३ | जंगी अड्डा | ३८२९२१४० | ३७०१९१७३ | ९६.६८ |
| ३४५०१४३ | सैनिक हवाई महानिर्देशनालय | ५०३१८१ | ४९५१२१ | ९८.३ |
| ३४५०१५३ | वीरेन्द्र अस्पताल | ६९५४२२ | ६९५४०२ | ९९.९९ |
| ३४५०१६३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ७६७४० | ७६७३४ | ९९.९९ |
| ३४५०१८३ | राष्ट्रिय सेवा दल | २५६३८० | २४६९१८ | ९६.३ |
| ३४५०१९३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | ११२१२ | ११२१२ | १०० |
| | **जम्मा** | ३९९४५२७९ | ३८६१४७४०।३५ | ९६.६७ |

# रक्षा मन्त्रालय र अन्तर्गत निकायको आ.व. २०७४/७५ को बजेट (पूँजीगत तर्फ) (रु हजारमा)

| ब.नं.शी.उ. | कार्यालय | विनियोजित रकम | २०७५ असार मसान्तसम्मको यथार्थ खर्च | वित्तिय प्रगति % | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ३४५०११४ | रक्षा मन्त्रालय<br>मन्त्रालय भवन निर्माण | ३५७२<br>१००००० | २५०९.९५<br>९६०८२ | ७०.२७<br>९६.०८ | |
| ३४५०१२४ | राष्ट्रिय सुरक्षा परिषद् सचिवालय | २४०३ | २४०२ | ९९.९५ | |
| ३४५०१३४ | जंगी अड्डा | ९३५१३१८ | ९१२७९४५ | ९७.६१ | १००%<br>जग्गा खरिदको ला ग रकम निकासा दिइएको, २१७ वटा भवन निर्माण, मर्मत सम्भार, खाट तथा फर्निचर खरिद, पेरि मटर फेन्सिङ्ग तथा पानी टयाङ्की निर्माण, बाटो मर्मत तथा सफ्टवयर निर्माण |
| ३४५०१४४ | सैनिक हवाई महानिर्देशनालय | ६५१०० | ६५१०० | १०० | १००%<br>हे लकप्टर इन्जिन ओभरहल/मर्मत |
| ३४५०१६४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | १३२०० | १३२०० | १०० | १००%<br>लक्जरी बस १ वटा, फर्निचर र मे शनरी औजार खरिद |
| ३४५०१८४ | राष्ट्रिय सेवा दल | २६४१८७ | २६४१८७ | १०० | १००%<br>हात्तिखोर, कोहलपुर, याङ्ग शला र काठमाण्डौमा भवन निर्माण, सवारी साधन ६ र भ डयो वाल सेट १ खरिद, कार्यालय फर्निचरका सामान र पकेट वायर खरिद |
| | **जम्मा** | ९७९९७८० | ९५७१४२५।९५ | ९७.६७% | |

# उद्योग मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयबाट प्राप्त आ.व. २०७४/७५ को बजेटको प्रगति विवरण (रु हजारमा)

| ब.नं.शी.उ. | कार्यालय | विनियोजित रकम | २०७५ असार मसान्तसम्मको यथार्थ खर्च | वित्तिय प्रगति % | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| **चालु तर्फ** | | | | | |
| | सैनिक सामग्री उत्पादन तथा यान्त्रिक सेवा महानिर्देशनालय | १८,९९,६५ | १८,९९,६५ | १०० | |
| | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय | ३,२८,७४१४ | ३,२८,७४१४ | १०० | |
| **पूँजीगत तर्फ** | | | | | |
| | सैनिक सामग्री उत्पादन तथा यान्त्रिक सेवा महानिर्देशनालय | १,३२,०० | १,३२,०० | १०० | १००%<br>➢Horizontal Casting Machine खरिद<br>➢Machine को Accessories/Spare Parts खरिद<br>➢ विष्फोटक पदार्थ उत्पादनको लागि कच्चा पदार्थ खरिद |
| | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु | २६,४१,८७ | २६,४१,८७ | १०० | १००%<br>३९ वटा भवन, ८४ वटा सवारी साधन |

रकम रु हजारमा

# आ. व. २०७४/७५ मा रक्षा मन्त्रालयको कार्यक्रम शीर्षक अन्तर्गतको प्रगति प्रतिवेदन ...cont.

| क्र.सं. | कार्यक्रमको नाम | बार्षिक लक्ष्य | वार्षिक बजेट (रकमान्तर पछि) | वार्षिक प्रगति | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय (रु हजारमा) |
| १ | ड्राइभिङ् तालिम | १ | २०० | १०जनालाई ड्राइभर तालिम दिइएको | १८१.३६ |
| २ | कम्प्युटर तालिम | १ | १५० | - | - |
| ३ | योजना कार्यक्रम र खरिद सम्बन्धी तालिम | १ | १०० | - | - |
| ४ | राष्ट्रिय सुरक्षा नीतिको प्रचार प्रसार | ७ | ३३१८ | - | - |
| ५ | उच्च स्तरीय सुरक्षा तालिम | १ | १६०० | - | - |
| ६ | सैनिक कानुनको परिमार्जन | १ | ३०० | सैनिक कानूनको परिमार्जन अन्तर्गत - सैनिक सेवा पहिलो संशोधन नियमावली २०७५, सैनिक प्राड सेवा नियमावली २०७४, सैनिक हवाई नियमावली २०७४, सैनिक विविध सेवा नियमावली २०७४, जारी भई नेपाल राजपत्रमा प्रकाशन भैसकेको । सैनिक ऐन २०६३ को परिमार्जन गर्ने कार्य अन्तिम चरणमा पुगेको । सैनिक सेवा (पहिलो संशोधन) नियमावली २०७५ स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भएको । | १३३ |

# रक्षा मन्त्रालयको कार्यक्रम शीर्षक अन्तर्गतको प्रगति प्रतिवेदन (रकम रु हजारमा)

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जेनेभा कन्भेन्सनमा छलफल र परिमार्जन | १ | ४०० | जेनेभा महासन्धिहरुका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गर्ने कार्य भइरहेको | ३१ |
| ८ | राष्ट्रिय प्रतिरक्षा नीति तर्जुमा | १ | ७०० | राष्ट्रिय प्रतिरक्षा नीतिको प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य सम्पन्न भएको । | ५८७ |
| ९ | सैनिक अनुसन्धान समितिको कार्यक्रम | १० | ३०० | सैनिक अनुसन्धान सहमतिबाट विभिन्न मुद्दाको अनुसन्धान कार्य भईरहेको । | ३६ |
| १० | अन्तर्राष्ट्रिय मानवीय कानून र मानवअधिकार सम्बन्धी आवासीय कार्यक्रम संचालन | १ | १२०० | - | - |
| ११ | वार्षिक चौमासिक समीक्षा कार्यक्रम | ४ | २०० | २ वटा समीक्षा कार्यक्रम सम्पन्न भएको । | ६८ |
| १२ | नेपाल भारत द्विपक्षीय सुरक्षा सम्बन्धी कार्यक्रम | १ | ११०० | - | |
| १३ | विशिष्ट तह अनुगमन तथा मूल्यांकन एवं कार्यक्रम कार्यान्वयन भ्रमण | ५ | ७५ | - | |
| | | जम्मा | ९६,४३ | | १०,३६.३६<br>१०.७५% |

# नीतिगत/कानूनी सुधारतर्फ

- मिति २०७५।१।२१ मा आ.व. २०७४/७५ को बाँकी अढाई महिना अवधिमा रक्षा मन्त्रालयबाट सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरूलाई १२ वटा क्षेत्र र ३९ वटा क्रियाकलापमा समेटी तत्काल कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।

- मिति २०७५।०४।१ गते तत्काल कार्ययोजना अन्तर्गत सम्पन्न भएका क्रियाकलापहरूको प्रगति समीक्षा गरिएको।

- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा उल्लेख भएअनुसार रक्षा मन्त्रालयको कार्यक्षेत्रभित्र परेका विषयहरूको प्रभावकारी कार्यान्वनयका लागि विस्तृत कार्ययोजना तयार गरिएको ।



क्रमशः

# नीतिगत/कानूनी सुधारतर्फ

- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा उल्लेख भएअनुसार रक्षा मन्त्रालयको कार्यक्षेत्र भित्र परेका विषयहरूको प्रभावकारी कार्यान्वनयका लागि विस्तृत कार्ययोजना तयार गरिएको
- राष्ट्रिय सुरक्षा नीति, २०७३ को परिमार्जनका लागि प्रारम्भिक कार्य शुरु भएको ।
- सैनिक विविध सेवा नियमावली २०७४ नेपाल राजपत्रमा सूचना प्रकाशन भई जारी भएको ।
- सैनिक ऐन, २०६३ लाई परिमार्जन गर्ने कार्य अन्तिम चरणमा पुगेको।
- रा.सु.प.को सांगठनिक पुनःसंरचनाको लागि प्रतिवेदन प्राप्त भई अध्ययनको क्रममा रहेको ।रा.सु.प. ऐनको मस्यौदा तयारी ।
- नेपाली सेना र चिनीयाँ सेनाबीच Military Assistance आदानप्रदान सम्बन्धी प्रोटोकलमा हस्ताक्षर सम्पन्न भएको

# रक्षा मन्त्रालयको भवन निर्माण

- वार्षिक बजेटः रु. १० करोड
- २०७५ असार मसान्तसम्मको खर्चः ९,६०,८२०००।–

<u>प्रगतिः</u>

- भवनको तेस्रो तल्लाको छत ढलान कार्य सम्पन्न
- आ. व. २०७४/७५ को भौतिक प्रगतिः ११०%
- वित्तीय प्रगतिः ९६.०८%

कार्यान्वयन निकायः सिंहदरबार सचिवालय पुनर्निर्माण समिति






# नेपाली सेना र अन्तर्गत सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण





# बंकरदेखि ब्यारेक भौतिक पूर्वाधार निर्माण

- वार्षिक विनियोजित बजेट: १ अर्ब ३७ करोड ८८ लाख
- २०७५ असारसम्मको खर्च: १ अर्ब ३७ करोड ८८ लाख
- प्रगति: जवान लाईन, डायनिङ्ग हल, ट्वाइलेट, कार्यालय, बंकर आदी गरी जम्मा २१७ वटा भवन निर्माण कार्य सम्पन्न
- भौतिक प्रगति: १०० %
- वित्तीय प्रगति: १०० %



# भौतिक पूर्वाधार निर्माण र जग्गा खरिद

- बंकरबाट ब्यारेक कार्यक्रम अन्तर्गत आ. व. २०७४/७५ मसान्तसम्म ३,०८३ वटा भवनको निर्माण कार्य सम्पन्न र २,७६७ भवनहरु निर्माण हुन बाँकी ।

- आ.व.०७४/७५ मा भवन निर्माणतर्फ विनियोजित बजेटबाट ब्यारेक घरहरु निर्माण भई १०० प्रतिशत निर्माण कार्य सम्पन्न भएको ।

- बहुवर्षीय पुनर्निर्माण योजना अनुसार विनियोजित बजेटबाट पुनर्निर्माण कार्य भइरहेको।

- हालसम्म विनियोजित रकमबाट ६९७ वटा भौतिक पूर्वाधारहरुको मर्मत तथा रेट्रोफिट गरी प्रयोगमा ल्याइएको र २१० वटा मध्ये ५१ वटा नयाँ भौतिक पूर्वाधारहरुको निर्माण गरिएको ।

- जग्गा खरिद - (स्व.बा.खा.) का लागि तनहुँमा २०० रोपनी, गणको लागि तनहुँमा २५-१०-०३-०३ रोपनी, धनुषामा १५-१८-०८ बिगाहा, इलाममा६ रोपनी, डोटीमा ५ रोपनी र ललितपुरमा १६ रोपनी जग्गा खरिद गरिएको ।

# पुनर्निर्माण (राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त बजेटबाट संचालित)

- वार्षिक विनियोजित बजेटः १ अर्ब २० करोड
- २०७५ असारसम्मको खर्चः १ अर्ब २० करोड
- प्रगतिः १ वटा जवानलाईन निर्माण सम्पन्न भई वहुवर्षिय योजनाका ५ वटा (सैनिक मुख्यालय भद्रकाली, सैनिक प्रहरी गण भद्रकाली, लक्ष्मीनिवास महाराजगन्ज, वीरेन्द्र अस्पताल छाउनी, गणेशदल गण तोपखाना) आयोजनाहरु निर्माण भइरहेको
- भौतिक प्रगतिः १०० %
- वित्तीय प्रगतिः १०० %



# सैनिक हवाई सेवातर्फ

- <u>मध्य एयर वेश (गौचर ब्यारेक):</u> रेस्क्यु, तालिम, अति विशिष्ट व्यक्तिहरु , सिभिल चार्टर, रेस्क्यु तथा राष्ट्रिय समारोहका लागि गरी जम्मा २,६९९ घण्टा उडान गरेको ।

- <u>विशिष्ट उडान सेवा:</u> अपरेशनल, उद्धार तथा अति विशिष्ट व्यक्तिहरुका लागि जम्मा ५२१ घण्टा उडान गरेको ।



# विपद् व्यवस्थापनतर्फ

- विपद् व्यवस्थापन तर्फ रु.३ अर्बको सहमति प्राप्त भए अनुसार करिब ५७ करोडको विपद् व्यवस्थापनका सामग्रीहरु खरिद गरिएको र करिब २ अर्ब ४३ करोड बराबरको ३ वटा हवाई साधन (मिडियम हेलिकप्टर-१ र लाईट हेलिकप्टर-२) को खरिद सम्झौता भई प्राप्त हुन बाँकी रहेको ।

- नेपाली सेनाको सबै पृतनाहरूको उपयुक्त स्थानमा स्रोत साधन सहित विपद् व्यवस्थापनको फौजहरू तैनाथ गरिएको ।

- विमान दुर्घटना भएमा तत्काल उद्धार तथा राहत कार्यको लागि नं. १४ वाहिनी हाता (एयरपोर्ट) मा २४ घण्टा रहने गरी ४५ जनाको उद्धार टोली तैनाथ गरिएको ।

- खोज तथा उद्धार कार्यको लागि आवश्यक विभिन्न इक्वीपमेन्टहरु जस्तै- **Collapsed Structure Search and Rescue (CSSR)** लाई वार्षिक खरिद योजना अनुसार खरिद गरी प्राथमिकताको आधारमा वितरण गरिएको ।

# विपद् व्यवस्थापनतर्फ

- मनसुनलाई मध्यनजर राखी उद्धार कार्यको लागि पूर्वमा इटहरी तथा पश्चिममा पोखरा र सुर्खेतमा हेलिकप्टर स्टयाण्डवाई राखिएको ।
- विपद् व्यवस्थापन सम्बन्धी तालिम व्यवस्थित रूपमा सञ्चालन गर्ने उद्देश्यले काठमाण्डौंको गोकर्णमा विपद् व्यवस्थापन तालिम शिक्षालय खडा गरिएको ।
- स्वदेशी तथा विदेशी सम्बद्ध निकायहरुसँग संयुक्त रुपमा **Multinational Planning and Augmentation Team "Tempest Express"** र **Disaster Response Exercise & Exchange** जस्ता तालिम तथा अभ्यासहरु सञ्चालन गरिएको ।
- विपद् व्यवस्थापनसम्बन्धी विभिन्न तालिमहरु गरेका दक्ष जनशक्तिलाई तत्काल परिचालन गर्न सक्ने गरी तालिम दिई तयारी हालतमा राखिएको ।






# २०७२ वैशाखको भूकम्पपछिको पुनर्निर्माणमा सहयोग

- <u>लाप्राक आवास निर्माणः</u> गोरखा जिल्लाको गुम्सीपाखा लाप्राकमा नेपालस्थित गैरआवासीय नेपाली संघको पहलमा भूकम्प प्रभावित स्थानीय जनताको लागि भूकम्प प्रतिरोधात्मक घरहरु निर्माण गर्ने कार्यमा सहयोग पु-याउने सन्दर्भमा नेपाली सेनाको अधिकृत इञ्जिनियर सहित २०० जना दक्ष/अर्धदक्ष जनशक्ति मिति २०७३ माघ १५ गतेबाट निरन्तर खटिइरहेको ।

- <u>विद्यालय पुनर्निर्माणः</u> भूकम्पपछिको पुनर्निर्माणलाई तीव्रता दिने उद्देश्यले प्राथमिक तथा माध्यमिक विद्यालयहरुको कक्षा कोठा तथा शौचालयहरुको निर्माणमा नेपाली सेनाका फौजहरु खटिई पुनर्निर्माण कार्य सम्पन्न गरिएको ।

# नेपाली सेनाबाट भइरहेको सडक निर्माण कार्यको प्रगति

<u>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त बजेटबाट संचालित</u>

# आयोजनाको नामः जाजरकोट- (दुनै) डोल्पा सडक
(११७.७ कि.मि)

विनियोजित बजेट रु २५००००.००
प्रगति अवधि सम्मको खर्च २५००००.०० रु हजारमा

**(हालसम्मको विनियोजन रु.१ अर्व २१ करोड ७० लाख)**

| क्र.स | आयोजनाको | | इकाई | तेस्रो चौमासिक तथा बार्षिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | | |
| | कार्य बिवरण | लक्ष्य | | | परिमाण | प्रतिशत | |
| १ | ट्र्याक खोल्ने काम | ४.७ | कि.मि | ४.७ | ४.२० | ८९ | ✓कूल ११७.७० कि.मि.मध्ये हाल सम्ममा ११७.२० कि.मि. ट्र्याक खोलिएको र डोल्पा खण्ड अन्तर्गत ०.५ कि.मि अत्यन्त कठिन चट्टानी भीरखण्ड बांकी रहेको ।<br>✓डोल्पा जिल्ला सडक संजालमा जोडिएको । ८७ कि.मि सम्म यातायात संचालनको व्यवस्था मिलाइएको । |

यस आ.ब. मा ४.७ कि.मि लक्ष्य बमोजिम हाल सम्म ४.२ सम्पन्न भै बांकी ०.५ कि.मि डोल्पा सदरमकाम दु जोड्ने गरी निर्माण कार्य भैरहेको ।

# आयोजनाको नाम: कालिगण्डकी करिडोर
## (रिडी-रुद्रबेनी पालङ्ग खोला, मालढ[illegible] खण्ड)

(२२ कि.मि)

विनियोजित बजेट रु २०००००.००

प्रगति अवधि सम्मको खर्च २०००००.००

रु हजारमा

हालसम्मको विनियोजन रु.१अर्व १३ करोड ६४ लाख

| क.स | आयोजनाको | | इकाई | तेस्रो चौमासिक तथा वार्षिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रगति | | |
| | कार्य विवरण | लक्ष्य | | लक्ष्य | परिमाण | प्रतिशत | |
| १ | क) काली गण्डकी करिडोर २२ कि.मि (टाकूरेभिर-पालुङ्गखोला खण्ड)<br><br>ख) ७.५ कि.मि ( रिडी-रुद्रबेनी) ८ मि. चौ. बाट १० मि. चौ. | २२ | कि.मि | २२ | २२ | १०० | ✓ २०७० आषाढको दोस्रो हप्तामा फौज परिचालन भै निर्माण कार्य संचालन भैरहेको यस सडक अन्तर्गत नेपाली सेनालाई विभिन्न सेक्टर गरी बागलुङ्ग जिल्लाको २२ कि.मि टाकूरेभीर पालुङखोला खण्ड समेत ८० कि.मि सम्पन्न ।<br><br>✓ गौदी खोला ३२ कि.मि मा २१ मि, चौरा खोला ४३ कि.मि. मा २७ मि, लोवा खोला ४३ कि.मि मा २७ मि र ठेउले खोला ६४ कि.मि मा ३० मि लामो बेलिब्रिज समेत जडान कार्य सम्पन्न । |

१. बागलङ्ग जिल्लाको टाकूरी-पालुङ्ग खोला २२ कि.मि लाई ८ मि. चौ. को निर्माण सम्पन्न ।

२. रिडी-रुद्रबेनी ७.५ कि.मि ८ मि. चौं बाट १० मि. चौ. को निर्माण कार्य सम्पन्न ।

# आयोजनाको नाम: कर्णाली करिडोर

(खूलाल-लैफू सिमिकोट खण्ड)

(१४५ कि.मि )

विनियोजित बजेट रु 30,0000.00

रु हजारमा

**हालसम्मको विनियोजन रु. ८३ करोड**

प्रगति अवधि सम्मको खर्च 30,0000|00

| क्र.स | आयोजनाको | | इकाई | तेस्रो चौमासिक | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | | |
| | कार्य विवरण | लक्ष्य | | | परिमाण | प्रतिशत | |
| १ | कर्णाली करिडोर (खूलालू लैफू सिमिकोट खण्ड) ट्रयाक खोल्ने कार्य | ३५ | कि.मि | ३५ | ३५ | १०० | ✓ २०७१ आषाढ ९ गतेबाट कालीकोट जिल्लाको जितेगरा २ कि.मि र घाटापारी चौर (राताडाडा) ३०.५ कि.मि बाजूरा जिल्लाको ८१ कि.मि तिथिचौर र गल्फागाढ ९९.५ कि.मि मा गरी जम्मा ४ वटा क्याम्प स्थापना गरी हालसम्म ९२ कि. मि. सम्म ट्रयाक खोलिएको ।<br>✓ शान्तिगाड १५ किमि. मा ३३ मि. र फूगाड खोला २२.५ कि.मि मा १८ मि. लामो बेलिब्रिज जडान कार्य सम्पन्न । साथै जूडीगाढ खोलामा ३६ मि को बेलिब्रिज इक्वीपमेन्ट निर्माण कार्य गरी बेलिब्रिज तयार गर्ने कार्य भैरहेको । |

यस आ.व. को लक्ष्य बमोजिम आंशिक स्तरोन्नतिका साथै नयां ट्रयाक खोल्ने सहित कुल ३५ कि.मि. ट्रयाक खोल्ने कार्य सम्पन्न भैसकेको ।

# आयोजनाको नाम:गोरखा आरुघाट लार्के सडक (११८ कि.मि.)

| | | |
|---|---|---|
| विनियोजित बजेट | २०००००.०० | रु हजारमा |
| प्रगति अवधि सम्मको खर्च | २०००००।०० | |

हालसम्म विनियोजन रु.२७ करोड ५० लाख

| क्र.स | आयोजनाको | | इकाई | तेस्रो चौमासिक तथा वार्षिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | | |
| | कार्य विवरण | लक्ष्य | | | परिमाण | प्रतिशत | |
| १ | ट्र्याक खोल्ने कार्य | १५ | कि.मि | १५ | १५ | १०० | १३ कि.मि खोर्ला बेशी तथा -३ कि.मि अर्मला २ बेस क्याम्प सम्पन्न । हाल ट्र्याक निर्माण कार्य तीब्र गतिमा अगाडि बढिरहेको । |

यस आ.व. को लक्ष्य १५ कि.मि सम्पन्न भै थप ट्र्याक निर्माणको कार्य तदारुकताका साथ भैरहेको ।

# आयोजनाको नामः गल्छी त्रिशूली-स्याप्रुबेसी-रसुवागढी सडक (मैलूङ्ग स्याफ्रुबेसी खण्ड)

## (१७ कि.मि.डबल लेन, ९ देखि ११ मि. चौडाई )

बिनियोजित बजेट रु २०००००।०० रु.हजारमा
प्रगति अवधि सम्मको खर्च २०००००।००

**क«ल बजेट रु.७० करोड ६९ लाख**

| क्र.स | आयोजनाको | | इकाई | तेस्रो चौमासिक तथा वार्षिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | | |
| | कार्य विवरण | लक्ष्य | | | परिमाण | प्रतिशत | |
| १ | ट्र्याक खोल्ने कार्य | १० | कि.मि | १० | १० | १०० | ✓ यस आयोजनाको नेपाली सेनालाई प्राप्त १७ कि.मि सडक खण्डको डबल लेन समेत निर्माण सम्पन्न गरी २०७४ जेष्ठ ६ गते उद्घाटन गरी सडक विभागलाई हस्तान्तरण गरिसकेको ।<br>✓ कुल १७ कि.मि मध्ये ५ कि.मि मात्र ई.आई.ए प्रक्रिया भैरहेको । १२ कि.मि सम्बन्धित निकायबाट हुन बांकी रहेको । |

यस आ.व. को लक्ष्य अनुसार १० कि.मि सिंगल लेन ट्र्याक (४ देखि ५ मि.) लाई (९ देखि ११ मि) डबल लेन निर्माण कार्य सम्पन्न ।

# काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग निर्माण आयोजना




# आ.व. ०७४।७५को वार्षिक प्रगति विवरण

| सि.नं. | आयोजनाको वार्षिक विवरण | | इकाई | आ.ब. ०७४।७५ को प्रगति | | | हालसम्मको समष्टिगत भौतिक प्रगति (प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | | वित्तीय | | |
| | कार्य विवरण | लक्ष्य | | परिमाण | प्रतिशत | प्रतिशत | | |
| १ | साइट क्लियरेन्स तथा रुख कटानको कार्य | ७६.२ | कि.मी. | ७१ | १०० | १०० | ९६ | कूल २० हजार गोटा रुखमध्ये हालसम्म १९६१९ गोटा रुख कटान कार्य सम्पन्न भएको । |
| २ | सवग्रेड फर्मेशन लेभलसम्म Earthwork को कार्य गर्ने | १४ | कि.मी. | १४ | १०० | १०० | २६ | क.नेपाली सेना र निर्माण व्यवसायीहरुबाट करिब ५४ कि.मी. खण्डमा Earthwork cutting को कार्य भैरहेको<br>ख. ६०,१७,००० घ.मी. Earthwork cutting र ८,०९,००० घ.मी. फिलिङ्गको कार्य सम्पन्न भएको<br>ग. प्रस्तावित सुरुङ्गमार्गहरु (महादेवडांडा, धेद्रे र लेनडांडा)को रेखांकनको एकीन भए पश्चात समष्टिगत भौतिक प्रगति प्रतिशत फरक पर्नसक्ने । |
| ३ | सडक क्षेत्राधिकार भित्र परेका र क्याम्प निर्माणको लागि आवश्यक जग्गा खरिद | १०० | % | | १०० | १०० | ९४ | ५३,२४,५१७.४४ ब.मी. (१०४६६ रोपनी २ आना १ पैसा २ दाम) क्षेत्रफलको जग्गा अधिग्रहण भैसकेको । |
| ४ | क्याम्प निर्माण कार्य | १० | गोटा | १० | १०० | १०० | ८० | खोकना तथा धेद्रे इलाकाको क्याम्प निर्माण कार्य आ.व. २०७५।७६ मा सम्पन्न हुने । |
| ५ | DPR - परामर्शदाता खरिद कार्य | | | | | | | Request for Proposal (RFP) अनुसार मूल्यांकन कार्य प्रारम्भ गरिएको । |
| | डिजाइन तथा सुपरिवेक्षण तथा डि.पि.आर. तयार गर्ने कार्य | १०० | % | ७५ | ७५ | ५ | ५० | क.राष्ट्रिय परामर्शदाता खरिद कार्य स्वीकृतिको लागि रक्षा मन्त्रालयमा पेश गरिएको ।<br>ख.डि.पि.आर. तयार गर्ने RFP मूल्याङ्कन कार्य भैरहेको |



यस आ.व.को भौतिक प्रगति ९५%

# वार्षिक कार्यक्रम तथा प्रगतिको तलनात्मक चार्ट



# सैनिक स्वास्थ्य सेवातर्फ

- गैरसैनिक/सर्वसाधारणलाई समेत स्वास्थ्य सेवा उपलब्ध गराउने योजना अनुसार वीरेन्द्र अस्पतालबाट सर्वसाधारण सबैलाई ओ.पि.डि. सेवा प्रदान गरिएको ।

- वीरेन्द्र अस्पताल परिसरमा स्वास्थ्य सेवा व्यवस्थापन महाशाखा भवन (भेट्रान्स तथा फेमिली ओ.पि.डि.) को निर्माण सम्पन्न भई सञ्चालनमा आएको ।

- नेपाली सेना स्वास्थ्य विज्ञान प्रतिष्ठानको एकेडेमिक हल, कन्फ्रेन्स हल, पुस्तकालय र विभिन्न विभागको क्लिनिक सञ्चालन गर्ने कोठाहरुको निर्माण कार्य सम्पन्न भएको ।





# सैनिक स्वास्थ्य सेवातर्फ Cont…

- **काठमाण्डौंको महाकालस्थित Tri-Chandra Military Hospital (TCMH) को निर्माण कार्य पुरा भई डेण्टल, फार्मेसी सुविधा तथा Observation Room सञ्चालनमा आएको र फिजियोथेरापी, बाल ओ.पि.डि., इमर्जेन्सी, प्याथोलोजी तथा रेडियोलोजी सञ्चालनमा ल्याउने प्रक्रियामा रहेको । ।**
- **विभिन्न स्थानहरुमा सञ्चालन गरेको सैनिक स्वास्थ्य शिविरबाट ६,८७१ जना भू.पू., बहालवाला तथा तिनका हिताधिकारी र अन्य सर्वसाधारण लाभान्वित भएका ।**



**Tri-Chandra Military Hospital**



# सैनिक स्वास्थ्य सेवातर्फ

- स्वास्थ्य सुविधाको क्षेत्रलाई बढाउदै लैजाने योजना अनुसार इटहरी र पोखरामा सैनिक अस्पताल निर्माण कार्य तीब्र गतिमा भइरहेको र नेपालगञ्जमा निर्माण सम्पन्न भई अस्पताल सञ्चालनमा आएको ।



# प्राकृतिक प्रकोप, जनहित तथा उद्धार कार्य

- विभिन्न १८ वटा ब्यारेकबाट सर्पदंश उपचार सेवा सञ्चालनः लाभान्वित बिरामी संख्या - ५,८६९ जना (तराई क्षेत्रमा बढ्दो समस्यालाई सम्बोधन गर्न तथा उपचार सेवा अझ प्रभावकारी बनाउन नेपाल सरकारको तर्फबाट थप पहल हुन आवश्यक देखिएको)
- निःशुल्क स्वास्थ्य सेवा प्रदान - लाभान्वित बिरामी संख्या १,५७,२९६ जना
- रक्तदान - २,०८४ जना सैनिक व्यक्तिहरुबाट
- श्रमदान - १,४०,१४० जनशक्ति बरावरको श्रम ( **Man- Day**)
- आगलागी नियन्त्रणमा परिचालित फौज - ३४८ स्थान
- **Improvised Explosive Device(IED)** निष्क्रिय - ४२१ स्थान
- **Mine Risk Education (MREd)** - ८६० स्थानहरुमा सञ्चालन भएको
- हवाई उद्धार - २९६ जना
- वृक्षारोपण - ६,२१,१३२



# संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्य

- हालसम्म ४२ वटा संयुक्त राष्ट्रसंघीय मिशनहरुमा करिब १,२०,६११ (१,०९८ महिला सैनिक सहित) नेपाली शान्ति सैनिकहरु सहभागी भइसकेकोमा ६३ जनाले वीरगति प्राप्त गरेका ।
- हाल विभिन्न १२ वटा मिशनमा ५,०३३ जना (१३८ महिला सैनिक सहित) शान्ति सैनिकहरु कार्यरत रहेको ।
- शान्ति स्थापनार्थ फौजको संख्या १०,००० पुऱ्याउने उद्देश्यका साथ प्रक्रिया प्रारम्भ गरिसकिएको ।

# सैनिक कूटनैतिक सम्बन्ध

आ.व.२०७४/७५ मा भएको भ्रमणहरुको विवरण देहाय बमोजिम रहेको

## प्रधान सेनापतिद्वारा भएको सैनिक कूटनैतिक विदेश भ्रमण

| क्र.सं. | भ्रमण गरेको राष्ट्र | भ्रमण अवधि | |
|---|---|---|---|
| १ | संयुक्त राज्य अमेरिका | २०७४।०२।०३-१२ गतेसम्म | |
| २ | संयुक्त राज्य अमेरिका | २०७४।०३।२२-२४ | |
| ३ | संयुक्त अधिराज्य बेलायत | २०७४।०३।२६-३० | |
| ४ | क्यानडा | २०७४।०५।१९-२१ | |
| ५ | संयुक्त अरब इमिरेट्स | २०७४।०५।२३-२७ | |
| ६ | संयुक्त राज्य अमेरिका | २०७४।०७।०४-०९ | |
| ७ | श्रीलङ्का | २०७४।१०।०३-११ | |
| ८ | प्रजातान्त्रिक गणतन्त्र कंगो | २०७४।१२।२०-२२ | |
| ९ | दक्षिण सुडान | २०७४।१२।२३-२६ | |
| १० | पाकिस्तान | २०७५।०२।०१-३ | |
| ११ | भारत | २०७५।०२।२३-२७ | |
| १२ | चीन | २०७५।३।२४-३० | |

# सैनिक कूटनैतिक सम्बन्ध

## विदेशी सैनिक पदाधिकारीहरूको नेपाल भ्रमण

| क्र.सं. | भ्रमण गर्नुहुने विदेशी उच्च सैनिक अधिकृत | भ्रमण अवधि |
|---|---|---|
| १ | मित्रराष्ट्र बंगलादेशका **Chief of Army Staff General** | २०७४।०२।२३-२७ |
| २ | म्यानमारका **Commander in Chief of Defense Services** | २०७४।०८।२४-२७ |
| ३ | जाम्बियाका **Army Commander** | २०७४।०९।१९-२५ |
| ४ | बेलायतका **General Sir Nicholas Carter KCB CBE DSO ADC Gen** | २०७४।१०।२३-२९ |
| ५ | संयुक्त राज्य अमेरिकाका (**US Army Pacific**) का **General Robert B.Brown, Commanding General** | २०७४।१०।२५-२८ |
| ६ | मित्रराष्ट्र भारतका **Chief of the Army Staff** | २०७४।१०।२९-२०७४।११।०२ |

# राष्ट्रिय सेवादल

- राष्ट्रिय सेवादलबाट देशव्यापी रुपमा तालिम विस्तार गर्ने उद्देश्यले आ.व.२०७४/७५ मा ६,०१२ जनालाई तालिम दिइएको ।
- राष्ट्रिय सेवादलको तालिमबाट देशभरि हालसम्म ३२,८५० युवा जनशक्ति उत्पादन भइसकेको ।
- राष्ट्रिय सेवादलको तालिम कार्यक्रमलाई विस्तार गरी ७७ वटै जिल्लामा वार्षिक ७,७०० को संख्यामा तालिम सञ्चालन गर्ने लक्ष्यानुरूप कार्य प्रारम्भ गरिएको ।
- सेवा दलको विस्तार योजना मुताबिक आ.व.२०७४/७५ बाट लागू हुने गरी -
  - रा.से.द. मुख्यालय, जङ्गी अड्डा-जगन्नाथदेवल,
  - रा.से.द. पूर्वी तालिम शिक्षालय-याङ्गसिला,
  - रा.से.द. मध्य तालिम शिक्षालय-हात्तिखोर, रा.से.द.
  - पश्चिम तालिम शिक्षालय-कोहलपुर र
  - रा.से.द. मध्यपूर्वी तालिम शिक्षालय-महोत्तरी (आ.व.२०७५/७६ मा स्थापना गर्ने योजना रहेको)

# नेपाली सेनाको क्षमता अभिवृद्धितर्फ

➢ <u>पेशागत क्षमता अभिवृद्धि:</u>

- वार्षिक तालिम क्यालेण्डर अनुरुप सामूहिक तालिम बाहेक करिब ३४ हजार जनशक्तिलाई तालिम प्रदान गरिएको ।
- सि. सं. २५ कमाण्ड तथा स्टाफ तालिम संचालन भइरहेको ।
- सि. सं. ५ हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालिम सम्पन्न भएको ।
- बेलायती सेनाको सहयोगमा Disaster Exercise तालिम सम्पन्न ।
- नेपाली सेना र अमेरिकी सेनाबीच संयुक्त रूपमा Balance Nail Exercise 18-02 अभ्यास सम्पन्न ।
- आगामी सेप्टेम्बर १७-२८ मा नेपाली सेना र चिनिया सेनाबीच संयुक्त रूपमा सञ्चालन हुने Counter Terrorism तालिमको लागि चीनको चेन्दुमा Initial Planning Conference (IPC) सम्पन्न ।
- अमेरिकी सेना र नेपाली सेनाको सहभागितामा संयुक्त रूपमा Subject Matter Expert Exchange (SMEE) सम्पन्न भएको ।
- नेपाली सेना र भारतीय सेनाबीच भारतको पिथौरागढमा अभ्यास सूर्यकिरण १३ सञ्चालन भएको ।

# नेपाली सेनाको क्षमता अभिवृद्धितर्फ

- जमिनी पारवहन क्षमता अभिवृद्धिः २२५ वटा सवारी साधनहरु (थप विनियोजित रकम सहितको) खरिद प्रक्रियामा रहेकोमा हालसम्म ८३ वटा सवारी साधनहरु प्राप्त भएको र बाँकी १२२ वटा सवारी साधनहरु प्राप्त हुने क्रममा रहेको ।

- मेशिनरी औजारः **M16 / M4 Rifle, Pistol** तथा अन्य गरी जम्मा ६,४९२ नाल हतियारहरु खरिद प्रक्रियामा रहेको ।

- हवाई क्षमता अभिवृद्धि - मिडियम भि.भि.आई.पि. हेलिकप्टर-१,, मिडियम एयरक्राफ्ट-१ र ट्रेनर एयरक्राफ्ट-२ गरी जम्मा ४ वटा हवाई साधनहरुको खरिद सम्झौता सम्पन्न भई प्राप्त हुने क्रममा रहेको र **MI-17 V5** हेलिकप्टर-२ खरिदको लागि अर्थ मन्त्रालयबाट स्वीकृत प्राप्त हुन बाँकी रहेको ।

- विपद् व्यवस्थापन क्षमता अभिवृद्धि अन्तर्गत हाल ३ वटा हेलिकप्टर (१ वटा मिडियम र २ वटा लाइट) को खरिद सम्झौता सम्पन्न भई हेलिकप्टरहरु प्राप्त हुने क्रममा रहेको ।

# सैनिक सामग्री उत्पादन
## (उद्योग मन्त्रालय प्राप्त बजेट)

**वार्षिक बजेटः** रु. ३७ करोड ५५ लाख ९८ हजार (चालु तर्फ १८ करोड ९९ लाख ६५ हजार र पूँजीगत तर्फ १८ करोड ५६ लाख ३ हजार)

वित्तीय प्रगतिः १००%

भौतिक प्रगतिः १००%

- Horizontal Casting Machine खरिद
- Machine को Accessories/Spare Parts खरिद
- बिष्फोटक पदार्थ उत्पादनको लागि कच्चा पदार्थ खरिद






# सैनिक सामग्रीहरुमा आत्मनिर्भरता हासिल गर्नेतर्फ

- सैनिक सामग्री उत्पादनमा आत्मनिर्भर हुने योजना अनुरुप ४० वर्षभन्दा पुराना एम्युनिशन उत्पादन गर्ने मेशिनहरुलाई क्रमिक रुपमा प्रतिस्थापन गर्नको लागि कार्ययोजना तयार गरिएको ।

- एम्युनिशन उत्पादन गरी आपूर्ति गर्ने सन्दर्भमा **7.62mm Bullet Vertical Transfer Press Machine** प्राप्त भई **Installation** को क्रममा रहेको तथा **7.62mm Necking Machine** खरिद गरी प्राप्त हुने क्रममा रहेको ।

- ८१ मि.मि. तथा १२० मि.मि. मोर्टार सेल उत्पादन कार्य पुनः सुचारु भएको ।

- **Double Base Propellant Plant** स्थापना गर्ने कार्य अनुरुप प्रतीतपत्र खोल्ने क्रममा रहेको।

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय
## ( वन तथा वातावरण मन्त्रालयको बजेट)

**वार्षिक बजेटः रु. ३ अर्ब ५३ करोड ९० लाख २७ हजार (चालु तर्फ ३ अर्व २८ करोड ७४ लाख १४ हजार र पूँजीगत तर्फ २५ करोड १६ लाख १३ हजार)**

**वित्तीय प्रगतिः १००%**

**भौतिक प्रगतिः १००%**

- चालू खर्चतर्फ विनियोजित बजेटबाट ८,११७ फौजको लागि तलव, भत्ता, खाद्यान्न, पोशाक तथा अन्य विविध खर्च ।

- पूँजीगत तर्फ विनियोजित बजेटबाट ३९ वटा भवन, ८४ वटा सवारी साधन (साइकल ६७) तथा मेशीनरी औजार, खाट खरिद ।

# चुरे-भावर संरक्षण कार्य

## आ.व. ०७४/७५ को लागि प्राप्त ७ करोड ८८ लाख

- राष्ट्रपति चुरे-तराई/मधेश संरक्षण योजना अन्तर्गत ताल तलैया, सिमसार क्षेत्र र वन तथा पर्यावरण संवर्द्धन एवं संरक्षणको क्रममा सम्पन्न भएका मुख्य कार्यहरु :

  - हालसम्म मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, सर्लाही, धनुषा, रौतहट, रुपन्देही, बर्दिया र कैलाली जिल्लामा रहेका १० वटा तालहरुको पुनर्निर्माण, संरक्षण तथा संवर्द्धन कार्य सम्पन्न गरी स्थानीय निकायलाई हस्तान्तरण भइसकेको ।

  - वृक्षारोपण कार्यको लागि नर्सरी निर्माण गरी बिरुवाहरु उत्पादन तथा वृक्षारोपण कार्य भइरहेको ।

  - सिरहा, रुपन्देही, बर्दिया र कैलाली जिल्लामा गरी ४ वटा तालहरुको पुनर्निर्माण, संरक्षण तथा संवर्द्धन गर्ने कार्य भइरहेको ।

# स्थानीय तह निर्वाचन, प्रदेश तथा प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४ मा सहयोग

- नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको प्रावधान बमोजिम भएको स्थानीय तह निर्वाचन, २०७४ को प्रथम, दोस्रो र तेस्रो तीनवटै चरणको स्थानीय तह निर्वाचनमा नेपाली सेना परिचालन भई अहम् भूमिका निर्वाह गरेको ।

- प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा निर्वाचनमा परिचालन भई एकीकृत सुरक्षा योजना अनुरुप प्राप्त जिम्मेवारी उत्कृष्ट ढङ्गले सम्पादन गर्दै सर्वसाधारण जनता, मतदाता र उम्मेदवार तथा निर्वाचन सम्बद्ध कर्मचारीहरुलाई पूर्ण सुरक्षाको प्रत्याभूति दिई निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याइएको ।

# सैनिक कल्याणकारी कार्यक्रमतर्फ

- नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, श्री चिकित्सा शास्त्र महाविद्यालयमा (**MBBS** १०० जना), श्री नर्सिङ्ग महाविद्यालयमा (**PCL Nursing** ४०, **B.Sc. Nursing** ४० र **BNS** ४० गरी जम्मा १२० जना) अध्ययनरत ।
- कलेज अफ मेडिकल पोलिटेक्निकमा (**CTEVT**) को सम्बन्धनमा (**PCL In General Medicine (Health Assistant)** ४० जना, **Diploma in Pharmacy** ४० जना, **Diploma in Radiography** ३० जना, **Certificate Level in Physiotherapy** ३० जना र **Diploma in Lab Technician** ३० जना गरी जम्मा १७० जना) अध्ययनरत
- **Master Program (MDMS)** अन्तर्गत ३९ जना अध्ययरत

# सैनिक कल्याणकारी कार्यक्रमतर्फ

- विगतमा द्वन्द्वको समयमा वीरगति प्राप्त, विभिन्न प्राकृतिक प्रकोपमा परी मृत्यु भएका सैनिकका विधवा/विधुर र ८० वर्ष पूरा भएका ज्येष्ठ भू.पू. सैनिकहरुलाई मासिक रु.२ हजार प्रदान गर्ने गरिएको ।
- सैनिक ज्येष्ठ नागरिकहरुलाई थप सम्मान गर्नको लागि ९० वर्षदेखि ९९ वर्षसम्म उमेर पुगेकाहरुलाई अति ज्येष्ठ निवृत्तभरण मासिक रु.३ हजार तथा सोभन्दा माथि उमेर पुगेकाको हकमा विशेष निवृत्तभरण मासिक रु.१० हजार पु¥याइएको ।
- विगतमा द्वन्द्वको समयमा अपाङ्ग भएका नेपाली सेनाका सकल दर्जाहरुको हौसला अभिवृद्धि गर्ने उद्देश्यले हालसम्म ३७ जनालाई चारपाङ्ग्रे स्कुटर निःशुल्क उपलब्ध गराइएको

# सैनिक कल्याणकारी कार्यक्रमतर्फ

- सैनिक महाविद्यालय/विद्यालयहरुमा अध्ययन गर्ने अवसर नपाई अन्य विद्यालयहरुमा अध्ययनरत बहालवाला तथा अवकाश प्राप्त सैनिकका छोरा/छोरीहरु मध्ये १ जनालाई "कल्याणकारी छात्रवृत्ति स्वदेश" रकम वार्षिक रु.१०,०००।०० का दरले प्रदान गर्ने गरिएको (हाल उक्त छात्रवृत्ति प्राप्त गर्नेको संख्या २१,५०७ जना रहेको)।

- भूतपूर्व सैनिक सम्मेलनको क्रममा स्थलगत रुपमै विशेषज्ञ चिकित्सक सहित स्वास्थ्य शिविर सञ्चालन ।

- तनहुँको खैरेनीटार र बुटवलमा "रिपुमर्दिनी पेट्रोल स्टेशन" हरु निर्माण सम्पन्न भई व्यावसायिक रुपमा सञ्चालनमा ल्याइएको ।

- २०७२ सालको विनाशकारी भूकम्पबाट पीडितहरु ५३ हजार ७ सय ७५ जनालाई आर्थिक राहत स्वरुप रु.२ अर्ब ४९ करोड ३४ लाख १७ हजार राहत रकम प्रदान गरिएको ।

# नेपाली सेनाको बजेट व्यवस्थापन

- आर्थिक वर्ष ०७४/७५ मा नेपाली सेनाको लागि जम्मा रु.४९ अर्ब ५२ करोड ८८ लाख ८० हजार व्यवस्था भएको ।
- चालु खर्चतर्फ रु.३९ अर्ब ८३ करोड ५० लाख ७५ हजार (९०.६७%) र पूँजीगत खर्चतर्फ रु.९ अर्ब ६९ करोड ३८ लाख ०५ हजार (९.३३%) विनियोजन भएको ।

<u>चालु खर्चतर्फ</u> (रु. हजारमा)

| क्र.सं. | खर्च शीर्षक | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | <u>पारिश्रमिक/उपभोग खर्चतर्फ</u><br>(क) तलब र भत्ता<br>(ख) पोशाक<br>(ग) खाद्यान्न | ३५,४५,९६,९५ | ७१.६० |

# बजेट व्यवस्थापन

चालु खर्चतर्फ (रु. हजारमा)

| क्र.सं. | खर्च शीर्षक | रकम | प्रतिशत |
|---|---|---|---|
| २ | मालसामान तथा सेवा उपयोगतर्फ<br>(क) पानी, बिजुली र सञ्चार महसुल<br>(ख) इन्धन<br>(ग) सञ्चालन तथा मर्मत<br>(घ) भाडा<br>(ङ) कार्यालय सम्बन्धी खर्च<br>(च) कर्मचारी तालिम<br>(छ) कार्यक्रम खर्च<br>(ज) औषधी खरिद<br>(झ) भ्रमण र अनुगमन मूल्याङ्कन खर्च<br>(ञ) विविध र भैपरी आउने चालु खर्च | ४,३४,८९,७४ | ८.७८ |

# बजेट व्यवस्थापन

**चालु खर्चतर्फ** (रु. हजारमा)

| क्र.सं. | खर्च शीर्षक | रकम | प्रतिशत |
|---|---|---|---|
| ३ | अनुदानतर्फ<br>(क) निसर्त चालु अनुदान | १०,१२० | ०.०२ |
| ४ | सामाजिक सुरक्षातर्फ<br>(क) छात्रवृत्ति<br>(ख) जग्गाको भाडा | १,६२,८६ | ०.०३ |
| | चालु खर्चतर्फको जम्मा | ३९,८३,५०,७५ | ८०.४३ |

# बजेट व्यवस्थापन

**पूँजीगत खर्चतर्फ** (रु. हजारमा)

| क्र.सं. | खर्च शीर्षक | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | **पूँजी स्थानान्तरण खर्चतर्फ**<br>(क) जग्गा खरिद | ५,७९,५५० | १.१७ |
| २ | **पूँजी निर्माण खर्चतर्फ**<br>(क) भवन निर्माण<br>(ख) पूँजीगत सुधार खर्च<br>(ग) फर्निचर तथा फिक्चर्स<br>(घ) सवारी साधन<br>(ङ) मेशिनरी औजार<br>(च) सार्वजनिक निर्माण | ९१,१४,२५५ | १८.४० |
| **पूँजीगत खर्चतर्फको जम्मा** | | ९,६९,३,८०५ | १९.५७ |
| **चालु खर्चतर्फको जम्मा** | | ३९,८३,५०,७५ | ८०.४३ |
| **कूल जम्मा** | | ४,९५,२८,८८० | १०० |

# रक्षा मन्त्रालयको बेरुजु फछ्र्यौट स्थिति

कुल बेरुजुः ४,४७,०३,९३,०००।-

फछ्र्यौट बेरुजुः २,४८,७३,४१,०००।९०

फछ्र्यौट प्रतिशतः ५५.६४%

# NDAC को ४२ औं बैठकको निर्णय र कार्यान्वयनको अवस्था

| निर्णयको बुँदा नं. | निर्णय | कार्यान्वयन अवस्था |
|---|---|---|
| २ | तयारी विस्फोटक पदार्थ आयात गर्न कुनै अवरोध नरहे पनि विस्फोटक पदार्थका लागि आवश्यक कच्चा पदार्थ आयातमा केही अवरोध रहने गरेकोले परराष्ट्र मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सरकारी तहमै भारतसँग वार्ता गरी यस्तो कच्चा पदार्थ आयातलाई २०७५ साउन मसान्तभित्रमा सहज बनाउने र नेपाली सेनाबाट विस्फोटक पदार्थ तयार गर्न लगाई विकास निर्माण कार्यमा यसको अभाव नहुने व्यवस्था गर्ने । | यस विषयमा मिति २०७५।४।४ को श्रीमान् सचिवस्तरीय निर्णयानुसार मिति २०७५।४।०६ मा परराष्ट्र मन्त्रालय, दक्षिण एशिया महाशाखालाई पत्र लेखी भारत सरकारसित सरकारी तवर (G to G level) मा वार्ता गर्न सकिने नसकिने सम्बन्धमा नयाँ दिल्लीस्थित नेपाली राजदूतावास मार्फत बुझ्न र सो को जानकारी यस मन्त्रालयलाई उपलब्ध गराउन लेखी पठाएकोमा जवाफ प्राप्त हुन बाँकी । |

# कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य चुनौती र सम्बोधन गर्नुपर्ने विषयहरू

- काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग निर्माणका लागि कतिपय ठाउँमा थप जग्गा अधिग्रहण गर्नुपर्ने तथा कतिपय ठाउँमा साबिकमा प्रस्तावित सडक मार्गको एलाइनमेन्ट र सुरुङ् मार्ग परिवर्तन गर्नु पर्ने भई काममा ढिलाइ हुने चुनौती सिर्जना भएको ।

- विकास निर्माण कार्यमा आवश्यक सामग्रीको सहज र निरन्तर आपूर्ति नहुँदा बीचबीचमा निर्माण कार्य अवरुद्ध हुने चुनौती रहेको ।

- गत आर्थिक वर्षमा काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग निर्माणका लागि विनियोजित रकम यस मन्त्रालय तथा आयोजनालाई कुनै जानकारी नदिई कटौती गरिँदा आर्थिक वर्षको अन्त्यमा पुनः बजेट निकासा माग गर्नुपर्दा कठिनाइ भएको ।

- भूकम्पबाट क्षतिग्रस्त नेपाली सेनाको भौतिक संरचनाको पुनर्निर्माणका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट योजना अनुसार समयमै बजेट निकासा नहुँदा निर्धारित समयावधिभित्रै निर्माण कार्य सम्पन्न गर्न चुनौती सिर्जना भएको ।

- रक्षा मन्त्रालयको आफ्नै भवन नहुँदा कर्मचारीहरूका लागि आवश्यक संख्यामा कार्यकक्षको अभाव भएको ।

# राष्ट्रियस्तर विकास समस्या समाधान समितिको बैठकमा लैजानुपर्ने विषयहरू

- काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग निर्माणका लागि कतिपय ठाउँमा थप जग्गा अधिग्रहण गर्नुपर्ने तथा कतिपय ठाउँमा साबिकको सडक मार्ग/सुरुङमार्गको एलाइनमेन्ट परिवर्तन गर्नुपर्ने विषयलाई सम्बन्धित मन्त्रालयहरूले समयमै सम्बोधन गर्ने ।

- काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग लगायत राष्ट्रिय गौरवका आयोजनामा आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा, सिमेन्ट, फलामे छड लगायतका विकास निर्माण सामग्रीको सहज र निरन्तर आपूर्ति हुने व्यवस्था मिलाउने ।

- मन्त्रालय अन्तर्गत संचालित राष्ट्रिय महत्त्वका कुनै पनि आयोजनाको निम्ति शुरुमा विनियोजित बजेटमा आर्थिक वर्षको बीचमा मन्त्रालयको जानकारी र सहमति बेगर संशोधन वा कटौती नगर्ने व्यवस्था गर्ने ।

# धन्यवाद



# कुनै जिज्ञासा... ?